

के तपाईको घर पानीले रसाएको छ ?

अब चिन्ता नगर्नुहोस !

चिन्ताको समाधान Waterproofing ले गर्ने छ । 100% ग्यारेन्टीका साथ समस्यको समाधान ।

सम्पर्कः प्रगति ट्रेड कर्न्सन

रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यलेसको नजिकै)

०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रू. १.५ मा

कलर भिजिटिङ कार्ड साथै

तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा

सम्पर्क:

०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २५ ❑ अङ्क १ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८० माघ १ गते सोमबार ❑ 15 Jan. 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-


## पोखरामा एक करोड मूल्य बराबरको कन्दमुलको कारोवार

**पोखरापत्र संवाददाता**

पोखरा, २९ पुस

गण्डकी प्रदेशको राजधानि पोखरामा यस बर्षको माघे संक्रान्तिको अवसरमा करिब एक करोड मूल्य बराबरको कन्दमुलको कारोवार हुने भएको छ।

मकर संक्रान्तिको अवसरमा पोखरामा यस बर्ष करिब एक करोड मूल्य बराबरको तरुल सहित कन्दमूलको कारोबार हुने अपेक्षा गरिएको व्यवसायीहरु बताउनु हुन्छ।

पोखरामा प्रति केजी ५० देखि ३ सय रुपैयासम्ममा तरुल सहित कन्दमुलको बिक्रि वितरण भएको छ । कृषि उपज बजार व्यवस्थापन समितिले पोखरा ९ शान्ति वनवाटिकामा हरेक महिनाको अन्तिम शनिबार पुष २८ गते परेर उक्त मण्डीनै बन्द हुनुले कन्दमुल बिक्रि वितरणमा ठुलो असर परेको व्यवसायको गुनासो छ । माघे शंक्रान्तिको केहीले ३/४ दिन अघि नै कन्दमुल भित्राउनु भएको थियो भने केहीले अघिल्लो दिनमा पुष २९ मा मात्र ल्याएका कारण पोखराका खुद्रा व्यवसायीहरुले



अघिल्ला बर्षको तुलनामा कम खरित गर्ने गरेको संजिमान घलेले बताउनु भयो । उहाँले गोर्खाबाट आफ्नै बारीमा फलेको सकरखण्ड बिक्रिको लागि पोखरा आउनु भएको थियो । ४ रोपनीमा लगाएको सकरखण्ड यसपाली करिब १० क्विन्टल उत्पादन भएको घलेले जनाउनु भयो । यसपाली तरुल सहितको कन्दमुल अघिल्ला बर्षको तुलनामा बिक्रि वितरण निकै कम हुदै आएको हिरयोम गुप्ताले बताउनु भयो । जाँते, पन्जे, सेतो तरुल त्यसै गरी वन तरुल र सकरखण्ड, पिडालु जस्ता कन्दमुल हाल पोखरामा बिक्रि वितरण सुरु भएको छ । पाल्पा, तनहुँ, गोर्खा लगायतका जिल्लाबाट आएको तरुल पोखरामा बिक्रि हुन सुरु भएको श्री कम्प्लेस कृषि उपजका एक व्यवसायी धर्म प्रसाद तिमिल्सिनाले बताउनु भयो । उहाँका अनुसार बजारमा हाल खुद्रा मूल्य प्रति केजी सकरखण्ड एक सय, जाँते तथा पन्जे तरुल प्रति केजी २ सय ५०, थापा तरुल प्रति केजी १ सयमा बिक्रि भएको छ। पछिल्लो समयमा धेरै मानिसहरुमा विभिन्न प्रकारका रोगहरु भएका कारण कन्दमुल बजारमा कम मात्रमा बिक्री वितरण हुने गरेको व्यावसायीले बताउनु भएको छ । तरुल तथा कन्दमुल खादा मानव स्वास्थ्का लागि फाइदाजक हुने बताइन्छ । कन्दमुल जमिन मुनि फल्ने हुनाले भिटामिन सी, कार्वोहाइड्रेड, भिटामिन ए, आइरन, म्याग्नेसियम, फसफोरस, पोटासियम जस्ता मानव शरिरका लागि आवश्यक तत्व पाइने चिकित्सकहरुले बताउदै आउनु भएको छ । कन्दमुलमा प्रोटिन भने कम पाइन्छ आँखा, छाला र श्वासप्रश्वास सम्बन्धी समस्याका लागि धेरै फाइदा पुग्छ भने मृगौला रोगीका बिरामीले यसको प्रयोग नगर्दा उचित हुने चिकित्सकको सुझाव दिएका छन् । यसैबिच, माघे संक्रान्तिको अवसरमा सोमबार पोखराको ढुंगे साँघुमा माघे जात्रा सहितको हार्ट बजार समेत लाग्ने भएको छ । कृषि उपज बजार व्यबस्थापन समिति पोखरा ९ शान्ति वनवाटिकाकी योजना शहायक रुपा कुमारी दाहालले अघिल्लो बर्षको तुलनामा यस बर्ष माघे सक्रान्तिको अवसरमा करिब ३० प्रतिशत जसो कम कन्दमुल पोखरा भित्रिएको दाबी गर्नु भएको छ। अघिल्लो बर्षमा पोखरामा एक करोड करिब ५० लाखसम्मको कन्दमुलको कारोवार हुने भए पनि यस बर्ष हाल एक करोडको कारोवार मुस्किलले हुने अनुमान उहाँको छ।

## संविधानको रक्षासँगै मुलुकको समृद्धि गठबन्धनको उद्देश्य

**पोखरापत्र संवाददाता**

पोखरा, २९ पुस

सत्तापक्षीय गठबन्धनका नेताहरूले संविधानको रक्षासँगै मुलुकको समृद्धि नै गठबन्धनको मुख्य उद्देश्य भएको बताउनुभएको छ।

राष्ट्रिय सभा निर्वाचन २०८० का सन्दर्भमा चुनाव प्रचारप्रसार समिति, सत्तापक्षीय गठबन्धन गण्डकी प्रदेशका तर्फबाट आज पोखरामा आयोजित पत्रकार सम्मेलनमा नेताहरूले गठबन्धन मुलुकको आवश्यकता भएको बताउनुभयो।

सत्ता गठबन्धनका तर्फबाट गण्डकी प्रदेशमा नेपाली काँग्रेसका किरणबाबु श्रेष्ठ (गोरखा) र पदमबहादुर परियार(तनहुँ) एवम् नेकपा माओवादी केन्द्रबाट मनरुपा शर्मा (पर्वत) लाई उम्मेदवारका रुपमा अघि सारिएको छ । कार्यक्रममा नेपाली काँग्रेस गण्डकी प्रदेशका सभापति शुक्रराज शर्माले नेपाली जनताको बलिदानीपूर्ण संघर्षबाट प्राप्त उपलब्धिको रक्षा गर्दै संविधान प्रदत्त सार्वभौम जनताको अधिकारलाई मजवुद बनाउँदै मुलुकलाई समृद्धिको यात्रामा



हिडाउनु सत्ता पक्षीय गठबन्धनमा आवद्ध राजनीतिक दलको मुख्य उद्देश्य भएको बताउनुभयो। नेकपा एकिकृत समाजवादी गण्डकी प्रदेशका कावा अध्यक्ष श्रीनाथ बरालले मुलुकमा अस्थिरता निम्त्याउने संविधान विरोधी गतिविधि गर्ने, प्रतिगमन र अधिनायकवादलाई प्रश्रय दिने क्रम अझै पनि जारी रहेको बताउँदै संविधानको रक्षा एवम् देशको समृद्धिका लागि राजनीतिक दलहरूबीचको एकता आवश्यक भएको बताउनुभयो।

कार्यक्रममा सत्तापक्षीय गठबन्धनका उम्मेदवारहरू किरणबाबु श्रेष्ठ, पदमबहादुर परियार र मनरुपा शर्माले राष्ट्रिय सभाको गरिमा र महत्वलाई प्रभावकारी बनाउँदै संविधानको रक्षा एवम् देशको समृद्धि र विकासका लागि महत्वपूर्ण भूमिका खेल्नका लागि सत्तापक्षीय गठबन्धनका तर्फबाट आँफूहरू उम्मेदवार भएको बताउनुभयो । निर्वाचनलाई लक्षित गरी नेपाली काँग्रेस गण्डकी प्रदेश सभापति शुक्रराज शर्माको संयोजकत्वमा प्रचारप्रसार मुल समिति र नेपाली काँग्रेस गण्डकी प्रदेशका महामन्त्री विष्णुप्रसाद लामिछानेको संयोजकत्वमा निर्वाचन व्यवस्थापन उप समिति गठन गरिएको नेपाली काँग्रेस गण्डकी प्रदेशका प्रचारप्रसार समितिका उपप्रमुख शिरोमणि बरालले जानकारी दिनुभयो । उहाँका अनुसार निर्वाचन प्रचारप्रसार समितिले यही माघ २ गतेदेखि ९ गतेसम्म प्रदेश अन्तर्गतका जिल्लामा मतदातासँगको भेटघाट कार्यक्रम तय गरेको छ।

## जनताका पक्षमा काम गर्न नेता सिंहको जोड

**पोखरापत्र संवाददाता**

पोखरा, २९ पुस

नेपाली कांग्रेसका नेता प्रकाशमान सिंहले जनताका पक्षमा इमान्दार भएर काम गर्नुपर्ने बताउनुभएको छ।

नेपाली कांग्रेस कास्कीका कार्यकर्तासँग आइतबार पोखरामा भएको भेटमा उहाँले केही समययता राजनीतिक परिस्थिति फेरिएकाले जनताले काम र राजनीतिक पारदर्शीका खोजिरहेका बताउनुभयो । "राजनीीतकइमान्दारिताआजको आवश्यकता हो । जनताले पनि पारदर्शी रुपमा काम गर्ने नेता र पार्टीलाई विश्वास गर्छन् । निष्ठाको राजनीति गर्न कठिन भए पनि राजनीतिक दलहरु जनता केन्द्रित हुनुको विकल्प छैन", नेता सिंहले भन्नुभयो, "विसं २०१७ मा निष्ठाको राजनीति गरेकाले बिपी, गणेशमान र कृष्णप्रसाद भट्टराई अहिले पनि



जनताले स्मरणमा स्वच्छ नेताको रुपमा चिनिँदै आएका छन् ।" नेपाली कांग्रेसले अब आफ्नो नीतिमा सुधार गर्दै जनता केन्द्रित राजनीति गर्न जरुरी रहेको उहाँको भनाइ थियो।

इमान्दार भएर जनताका काम नगर्ने हो भने अब कुनैपनि राजनीीतक दलको भविष्य नरहने बताउँदै समयअनुसार दलहरु पनि परिवर्तन हुन जरुरी रहेको नेता सिंहले बताउनुभयो।

"नेपाली कांग्रेसलाई देशकै ठूलो पार्टीको रुपमा स्थापित गर्न युवा तथा निष्ठावान नेताको खोजी गर्न जरुरी छ", उहाँले भन्नुभयो, "लोकतन्त्रमाथि आक्रमण भइरहेको बेला लोकतान्त्रिक पार्टी एक जुट भई यो व्यवस्थालाई मजबुद बनाउनु पर्दछ ।" कांग्रेसलाई बलियो बनाउन विधान अनुसार पार्टी चल्नुपर्ने भन्दै सङ्गठन पनि सोहीअनुसार विस्तार गर्नुपर्नेमा नेता सिंहले जोड दिनुभयो । प्रजातन्त्र तथा लोकतन्त्र ल्याउनमा कांग्रेसको भूमिका महत्त्वपूर्ण रहेको भन्दै उहाँले लोकतन्त्रलाई बचाइ राख्ने दायित्व पनि कांग्रेसको काँधमा आएको बताउनुभयो।

नेपाली कांग्रेस कास्कीका सभापति किशोरदत्त बरालले पार्टीलाई बलियो बनाउन राजनीतिक दल जनताप्रति इमान्दार हुनुपर्नेमा जोड दिनुभयो।

## फरक क्षमताको क्षेत्रमा काम गर्ने यशोदा सम्मानित

**पोखरापत्र संवाददाता**

पोखरा, २९ पुस

फरक क्षमता भएका व्यक्तिको हक-अधिकारको लागि क्रियाशिल यशोदा राजभण्डारी स्वर्गीय शान्तबहादुर कोइराला स्मृति अक्षयकोषद्वारा स्थापित राष्ट्रिय सम्मानबाट सम्मानित भएकी छन् ।

बागलुङमा जन्मेर फरक क्षमताको हकको लागि निरन्तर क्रियाशिल भएबापत् पुरस्कारको संचालक कोइराला सेवा समाज पोखराले उनलाई सम्मानित गरेको हो । सम्मानमा नगद ५५ हजार ५५५ रुपैयाँ पनि समावेश रहेको छ। कोइराला सेवा समाजका अध्यक्ष देवदत्त कोइरालाको संयोजकत्व तथा शिक्षासेवी गेहेन्द्रेश्वर कोइराला र दाताका तर्फबाट संजिवबहादुर कोइराला रहेको सम्मानित व्यक्तित्व छनोट समितिले राजभण्डारीलाई सम्मानित गर्ने निर्णय गरेको थियो । कार्यक्रमका प्रमुख अतिथि कोइराला सेवा समाज नेपालका केन्द्रीय अध्यक्ष कृष्णमुरारी कोइरालासहितका अतिथिहरुले

बाँकी अन्तिम पृष्ठमा ▶▶

## राष्ट्रियसभा निर्वाचनको माघ २ गतेदेखि निर्वाचन आचारसंहित

**रासस**

काठमाडौं, २९ पुस

निर्वाचन आयोगले आगामी माघ ११ गते हुने राष्ट्रियसभा सदस्यको निर्वाचनका लागि माघ २ गतेदेखि निर्वाचन आचारसंहिता लागू गर्ने भएको छ।

निर्वाचन आयोग ऐन, २०७३ को दफा २२ तथा निर्वाचन आचारसंहिता, २०७९ को दफा १ को अनुसार आयोगबाट माघ २ गतेदेखि माघ १२ गतेसम्म सम्बन्धित सबै व्यक्ति, निकाय तथा अधिकारीलाई लागू हुनेगरी आचारसंहिता जारी गर्ने निर्णय आज आयोगले गरेको हो । सङ्घीय संसद्को माथिल्लो सदन राष्ट्रियसभा सदस्यको आगामी फागुन २० गते रिक्त हुने १९ पदका लागि निर्वाचन हुँदैछ।

आयोगका प्रवक्ता शालिग्राम शर्मा पौड्यालले विज्ञप्ति जारी गरी उक्त अवधिमा कुनै सार्वजनिक स्रोत साधन र सम्पत्ति कुनै दल वा उम्मेदवारको पक्ष वा विपक्षमा हुने गरी प्रयोग गर्न वा गराउन, निर्वाचनसँग सम्बन्धित सामग्री वा सूचनालाई बिगार्न वा कुनै किसिमले थपघट गर्न वा गराउन नहुने, कुनै सरकारी वा अर्धसरकारी निकाय वा सार्वजनिक संस्था वा विश्वविद्यालय वा विद्यालय वा महाविद्यालयको क्षेत्र प्रयोग गरी निर्वाचन सम्बन्धी भेला वा प्रचारप्रसार गर्न वा गराउन नहुने जनाउनुभएको छ । यस्तै राजनीतिक दल वा उम्मेदवारको निर्वाचन चिन्ह अङ्कित कुनै सामग्री उत्पादन गर्न, प्रयोग गर्न, बिक्री वितरण गर्न वा प्रदर्शन गर्न वा गराउन नहुने कानुनी व्यवस्था छ।

साथै ज्येष्ठ नागरिक, महिला, यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक समुदाय र अपाङ्गता भएका व्यक्तिको भावनामा आँच आउने वा चरित्र हत्या हुने गरी निर्वाचन प्रचारप्रसार गर्न वा गराउन तथा बालबालिकालाई

बाँकी अन्तिम पृष्ठमा ▶▶


सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस

नयाँबजार, पोखरा

फोन नं. : ०६१-५७०६५१

# पोखरामा सोमबारदेखि टाईगर कप भलिवल सुरु हुने

पोखरापत्र संवाददाता
पोखरा, २९ पुस




पोखरामा सोमबार देखि चौथो संस्करणको टाईगर कप राष्ट्रिय तथा अन्तर्राष्ट्रिय आमन्त्रित खुल्ला क्लब भलिबल प्रतियोगिता २०८० हुने भएको छ।

यही माघ ६ गतेसम्म संचालन हुने प्रतियोगिताको सम्पूर्ण तयारी पूरा भएको आयोजक टाइगर ग्रुप अफ पोखरा नेपालले आइतबार पोखरामा आयोजना गरेको पत्रकार भेटघाट कार्यक्रममा जानकारी गराएको हो । सोमबारबाट सुरु हुने उक्त प्रतियोगितामा सोमबार नै लिग चरणका ४ खेल हुने भएको टाइगर ग्रुप अफ पोखरा नेपालका अध्यक्ष नारायण शर्माले बताउनु भयो । उहाँका अनुसार सोमबार घरेलु टिम गण्डकी प्रदेश भलिवल संघ बिरुद्ध विभागिय टोली त्रिभुवन आर्मी क्लब बिच दिउँसो २:३० बजे उद्घाटन खेल हुने भएको छ । पोखरा रंगशालामा संचालन हुने उक्त प्रतियोगितामा सोमबार पुरुष तर्फको पहिलो खेल मध्यान्हः १२:३० बजे दुई विभागिय शसस्त्र प्रहरी वलको एपिएफ बिरुद्ध नेपाल प्रहरी क्लव बिचको खेल हुने भएको छ । त्यसै गरी सोमबार महिला तर्फ दुई खेल हुने भएका छन । पहिलो खेल बिहान ८:३० बजे एपिएफ बिरुद्ध नेपाल पुलिस र अर्को खेलमा त्रिभुवन आर्मी क्लव बिरुद्ध न्यू डायमण्ड एकेडेमी बिच खेल हुने भएको खेल संयोजक दीपक कार्कीले बताउनु भयो । प्रतियोगितामा पुरुष तर्फ श्रीलंकाको आर्मी टिम र महिला तर्फ भने भारतको हरियाणा पुलिस क्लव सहभागि हुने भएको अध्यक्ष शर्माले बताउनु भयो । राष्ट्रिय तथा अन्तराष्ट्रिय आमन्त्रित क्लब स्तरीय महिला तथा पुरुष उक्त प्रतियोगितामा गण्डकी प्रदेशले महिला तथा पुरुष तर्फ सहभागि हुने भएको छ । त्यसै गरी नेपालका तीन विभागिय टोली नेपाल पुलिस, नेपाली सेनाको त्रिभुवन आर्मी क्लव र शसस्त्र प्रहरी वलको एपिएफ क्लवले महिला तथा पुरुष तर्फ सहभागि हुने भएका छन् । त्यस्तै पुरुष तर्फ हेल्प नेपाल स्पोर्ट्स क्लव सहभागि हुने भएको छ भने महिला तर्फ न्यू डायमण्ड युथ स्पोर्ट्स क्लव सहभागि भएको छ । उक्त पुरस्कार राशिमा भने केही बृद्धि गरिएको छ। लिगकम नकाउटका आधारमा हुने उक्त खेलमा विजेता टिम (पुरुष तथा महिला) लाई जनही ५ लाख ५५ हजार ५ सय ५५ सहित ट्रफी मेडल साथमा प्रमाणपत्र प्रदान गरिने भएको छ। यस बर्ष प्रथम पुरस्कारमा ५० हजार बृद्धि भएको हो। उपविजेता पुरुष तथा महिलाको टोलीले २ लाख ५५ हजार ५ सय ५५ र तेश्रो हुनेले १ लाख २५ हजार ५ सय ५५ पुरस्कार प्राप्त गर्ने भएको छ । प्रतियोगितामा उत्कृष्ट खेलाडी महिला तथा पुरुषलाई जनही नगद २५/२५ हजार ५ सय ५५ अन्य विधागत उत्कृष्ट सर्भर, उत्कृष्ट सेटर, उत्कृष्ट ब्लकर, उत्कृष्ट लिव्रो, उत्कृष्ट स्पाइकर र उत्कृष्ट प्रशिक्षकलाई जनही १० हजार ५ सय ५५ प्रदान गरिने भएको छ । उक्त प्रतियोगितामा पुरुष तथा महिला ६/६ टिमको सहभागिता हुने भएको छ । उक्त प्रतियोगिता सम्पन्न गर्न करिब एक करोड खर्च लाग्ने आयोजकले जनाएको छ। नेपाल भलिबल संघको स्विकृती, सुश्री मिडिया प्रा.लि. वानेश्वर काठमाण्डौको समन्वय एवं मुख्य मन्त्रीको कार्यालय गण्डकी प्रदेश, राष्ट्रिय खेलकुद परिषद, युवा तथा खेलकुद मन्त्रालय, प्रदेश खेलकुद परिषद गण्डकी, पोखरा महानगर पालिका, मणिपाल शिक्षण अस्पताल, चरक मेमोरियल हस्पिटल पोखरा, ग्रिन सिटी हस्पिटल काठमाडौं, रोड शो इन प्रा.लि. अन्नपूर्ण केबुलकार, मनकामना केबुलकार, प्रभु बैंक, बतास अर्गनाईजेसन, माछापुच्छे बैंक, मक्तिनाथ विकास बैंक, केल्मी नेपाल काठमाडौंको विशेष सहयोगमा उक्त प्रतियोगिता हुने भएको प्रचार संयोजक इन्द्रप्रसाद पौडेलले बताउनु भयो । प्रतियोगितामा सहभागि खेलाडीहरुलाई उपयुक्त भत्ताको समेत व्यबस्था गरिएको टाइगर ग्रुप अफ पोखरा नेपालका महासचिव डिबी नेपालीले बताउनु भयो।

# महोत्सवमा राजु परियार र लाहुरेको प्रस्तुति रहने

पोखरापत्र संवाददाता
पोखरा, २९ पुस

अमरसिंह मैदानमा जारि पोखरा महोत्सवको चौथो दिन आइतबार समिक्षा अधिकारीको प्रस्तुतीमा दर्शकहरुले भरपुर मनोरञ्जन लिएका छन।

त्यसैगरी महोत्सवमा नेपाली पोशाक लगाएर फोटो खिच्नेको भीड लागेको छ । महोत्सवमा डिडि डान्स नृत्य प्रशिक्षण केन्द्रको सहकार्यमा नेपालमा बसोबास गर्ने विभिन्न जातजातीको भेषभूषा लगाइ फोटो बुथमा तस्विर लिनेहरुको लर्को लागेको हो। महोत्सवमा भोली माघ १ गते सखरखण्ड र तरुलले दर्शकलाई स्वागत समेत गर्ने आयोजकले जनाएको छ । महोत्सवमा आइतबार समिक्षा अधिकारी संगै



राजु गुरुङ, जिवन दाहाल, चोलेन्द्र पौडेल, घनश्याम रिजाल, शिवहरी ढुंगाना, कृष्ण सुवेदी, कृष्ण भट्टराई, प्रशान्त तामाङ, पार्वती जिसी, मधु थापा मगर, नविना सुवेदी लगायतको प्रस्तुतीमा दर्शकहरुले मनोरन्जन लिएका थिए भने सांझको लाइभ ब्याण्डमा रकहेड्सको प्रस्तुतीमा युवाहरुले भरपुर मनोरन्जन लिएको महोत्सव प्रचार प्रसार संयोजक दिनेश सुनारले जानकारी दिए। सोमबार देखि पोखरा महोत्सवमा विद्यालय स्तरिय लोक नृत्य प्रतियोगिता हुने भएको छ। १७ टिमको प्रतिष्पर्धा रहने उक्त प्रतियोगितामा माघ १ गते बेसलाइन एकेडेमी, बाल मन्दिर मावि, अमरसिंह एन र कालिका मावि विच प्रतिस्पर्धा रहने छ । त्यसैगरी माघ ३ गते मेट्रोपोलिन, सेन्ट मेरिज, सरस्वती र बालकल्याण बिच प्रतिस्पर्धा रहने छ। त्यस्तै माघ ५ गते मेरिगोल्ड, ज्ञानगंगा, राष्ट्रिय मावि र पटनेरी मावि बिच प्रतिस्पर्धा रहनेछभने माघ ६ गते कास्की मोर्डनाइज्ड, अक्सफोर्ड, ज्ञानज्योती, अमर सिंह अंग्रेजी स्कुल, र अञ्जुली बार्डिङ स्कुल बिच प्रतिस्पर्धा रहने प्रतियोगिता संयोजक विष्णु गुरुङले जानकारी दिए। महोत्सवमा माघ १ गते लोकदोहोरी तर्फ सोमबार राजु परियार, सिम्रन परियार, प्रजापति पराजुली, जिवन दाहाल, राजन कार्की, शिव ढुंगाना, जिवन सिग्देल, दिपक कार्की, मञ्जु बिक, सुनिता नेपालीको प्रस्तुती रहनेछभने सांझको लाइभ ब्याण्ड तर्फ लाहुरे एण्ड द ब्याड कम्पनीको प्रस्तुती रहने छ।

# पद्म नर्सिङ होमको प्राविधिक सहयोगमा लेखनाथमा वृहत निःशुल्क स्वास्थ्य शिविर

पोखरापत्र संवाददाता
पोखरा, २९ पुस

पद्म नर्सिङ होम प्रा.लि.पोखरा-३, नदिपुरले शुक्रबार पोखरा-२७ लेखनाथ अर्घौचोकमा वृहत निःशुल्क स्वास्थ्य शिबिर सम्पन्न गरेको छ।

पोखरा महानगरपालिका वडा नम्वर २७ को आयोजना र पद्म नर्सिङ होम प्रा.लि.को प्राबिधिक सहयोगमा अर्घौचोक स्थित गच्छाफाँटमा अवस्थित लेखनाथ मेमोरियल इङ्लिस बोडिङ्ग स्कुलको प्राङ्गणमा वृहत निःशुल्क स्वास्थ्य शिबिर सम्पन्न गरेको हो।

निःशुल्क स्वास्थ्य शिबिरमा ८ सय ५० भन्दा धेरैको स्वास्थ्य परिक्षण गरिएको पद्म नर्सिङ होम प्रा.लि. का प्रबन्ध निर्देशक नरेन्द्र बास्तोला जानकारी दिए । बास्तोलाका अनुसार शिबिरमा २ सय ९३ जना जनरल मेडिसिन सम्बन्धि, २ सय ८ जना आँखा सम्बन्धि, १ सय ५ जना हाडजोर्नी तथा नसारोग सम्बन्धि, ८७ जना स्त्रीरोग सम्बन्धि, ५७ जना नाक कान घाँटी रोग सम्बन्धि र ५५ जना बालरोग सम्बन्धि, ४८ जना बाल दन्तरोग सम्बन्धि बिरामीहरुको निः शुल्क स्वास्थ्य परिक्षण गरिएको छ।

शिबिरमा १ सय ४२ जनाको



भिडियो एक्सरे, १ सय ३८ जनाको ल्याब परिक्षण, ९३ जनाको मुटुको इसिजी गरिएको थियो भने बिरामीहरूका लागि आवश्यक औसधि समेत निःशुल्क बितरण गरिएको नर्सिङ होमले जनाएको छ । शिबिरमा बरिष्ठ नेत्ररोग विशेषज्ञ प्रा. डाक्टर सचेत प्रभात श्रेष्ठ, बरिष्ठ नाक कान घाँटी रोग विशेषज्ञ डाक्टर कुलदिप नारायण अग्रहरी, बरिष्ठ बालरोग विशेषज्ञ डाक्टर राजन पौडेल, फिजिसियन डाक्टर सुदर्शन सुवेदी, फिजिसियन डाक्टर राजेन्द्र पौडेल, फिजिसियन डाक्टर कृष्णराज अधिकारी, डाक्टर प्रकाश भट्टराई, डाक्टर बिक्रम अधिकारी, डाक्टर आश्ना बाटाजु, डाक्टर बिज्ञान कोइराला लगायतका चिकित्सकको टोलीले बिरामीको स्वास्थ्य परिक्षण गरेका थिए। निःशुल्क स्वास्थ्य शिबिरमा स्वास्थ्यकर्मीहरु मेट्रोन रजनी पालिखे, रिता भट्टराई, जितेन्द्र पौडेल, ब्रह्मदेव महतो, सन्तोष अधिकारी, अञ्जना थापा, प्रतिभा परियार, राम बिनोद महतो, शुदासा लामिछाने, प्रेम कुमारी थापा, पुनम गुरुङ्ग, कृष्ण कुमारी थापा, मिन कुमारी गुरुङ्ग, मेनुका श्रेष्ठ, धिरज गौतम, अमृत थापा, सपना ढकाल, सुवर्ण गुरुङ्ग, सुस्मिता अधिकारी, पुष्पा ढुङ्गाना, बिशाल बराल, सुनिता श्रेष्ठ, प्रदिप न्यौपाने लगायतको टिमले बिरामीको स्वास्थ्य परिक्षणमा सहजीकरण गरेका थिए । लेखनाथ स्वास्थ्य चौकीका स्वास्थ्यकर्मीहरु एवं पोखरा २७ का स्वयम सेबिकाहरुले पनि शिबिरमा सक्रिय भुमिका निभएका थिए । स्वास्थ्य शिबिर कार्यक्रमको शुभारम्भ गर्दै पोखरा महानगरपालिका २७ का वडा अध्यक्ष पुर्ण कुमार गुरुङ्गले स्वास्थ्य संस्थाहरुले आफ्नो सेवालाई सहज र प्रवाभकारी बनाउदै सेवामुलक रुपमा अगाडि बढ्नु पर्नेमा जोड दिए । पद्म नर्सिङ्ग होम सँगको सहकार्यमा आफ्नो वडाका नागरिकहरुलाई घरदैलोमा नै निःशुल्क उपचारको ब्यवस्था गर्न पाउदा खुसी लागेको उनको भनाई थियो। पद्म नर्सिङ्ग होम प्रा.लि.पोखरा-३,नदिपुरका प्रबन्ध निर्देशक नरेन्द्र बास्तोलाले स्वास्थ्य संस्थाहरुको उत्तरदायित्व नाफामुलक मात्रै नभएकोले सेवा भावलाई अगाडि बढाउन आफ्नो संस्था तयार रहेको भन्दै गाउँ घरका दुरदराजमा रहेका जनता सम्म स्वास्थ्य सेवाको पहुँच पुर्याउन आफुहरु प्रयासरत रहने प्रतिबद्धता ब्यक्त गरे । उनले यस निःशुल्क स्वास्थ्य शिबिरमा सेवा लिएका र थप उपचार गर्नुपर्ने अवस्था देखिएका बिरामीहरूलाई पोखरा-३ नदिपुर स्थिति पद्म नर्सिङ्ग होम प्रालिबाट विशेष छुटका साथ थप उपचार गराउने समेत बताए।

## राष्ट्रियसभा...

निर्वाचन प्रचारप्रसारमा प्रयोग गर्न वा गराउन मिल्नैन। आचारसंहिता अनुसार प्रचलित कानून बमोजिम निषेध गरिएको समय र स्थानमा अवरोध हुने गरी कुनै किसिमको जुलुस, आमसभा, कोणसभा, बैठक, भेला गरी निर्वाचन प्रचारप्रसार गर्न वा गराउन नहुने, सामाजिक सञ्जालमा गलत, भ्रामक वा द्वेषपूर्ण सूचना प्रवाह गर्न वा गराउन, निर्वाचनलाई प्रभाव पार्ने उद्देश्यले होच्याउने, दुष्प्रचार गर्ने, भ्रामक सूचना सम्प्रेषण गर्ने, अपमान गर्ने, द्वेषपूर्ण भाषण (हेट स्पिच) गर्ने जस्ता भ्रामक टिका टिप्पणी गर्न वा गराउन नहुने व्यवस्था छ।

निर्वाचनलाई प्रतिकूल प्रभाव पार्ने वा अवरोध गर्ने गरी विचार राख्न, प्रचारप्रसार गर्न, कुनै विद्युतीय सामग्री उत्पादन गर्न तथा सामाजिक सञ्जालमा प्रकाशन गर्न वा अरूले प्रकाशन गरेका सामग्री शेयर गर्न नहुने, कुनै पनि किसिमबाट मतदाताको गोप्यता भङ्ग गर्ने कार्य गर्न नहुने, मतदाता र मतदानमा खटिएका कुनैपनि कर्मचारीसँग वादविवाद गर्न वा उनीहरूलाई हतोत्साहित गर्ने कुनै पनि कार्य गर्न नहुने, कुनै प्रकारले निर्वाचनको स्वच्छता वा निष्पक्षतालाई प्रभावित गर्नेगरी कुनै कार्य गर्न नहुने व्यवस्था छ।

यसैगरी निर्वाचन प्रचार प्रसारमा संलग्न हुने सरकार वा प्रदेश सरकारको मन्त्री वा स्थानीय कार्यपालिकाका पदाधिकारीले आयोगको अनुमति लिई निर्वाचन प्रचार प्रसारमा संलग्न हुँदा सरकारी स्रोत र साधनको प्रयोग गर्न नहुने तथा मतदान हुने दिनको अघिल्लो ४८ घण्टादेखि मतदानको दिन मतदान केन्द्र बन्द नहुन्जेलसम्म कुनै पनि प्रकारका अन्तरक्रिया, सम्मेलन, कार्यशाला, गोष्ठी वा निर्वाचनसँग सम्बन्धित छलफल वा सामूहिक मस्तिष्क मन्थन आदि गर्न नहुनेसमेत व्यवस्था छ।

## फरक...

उनलाई सम्मानित गरेका थिए । अघिल्लो वर्ष स्वर्गीय शान्तबहादुर कोइरालाकी धर्मपत्नी फन्नादेवी, जेठा छोरा संजिवबहादुर कोइराला र परिवारबाट अक्षयकोष स्थापना भएको थियो । १० लाख रुपैयाँको अक्षयकोषबाट वर्षेनी प्राप्त हुन आउने ब्याजबाट फरक क्षमताको क्षेत्रमा काम गर्नेलाई पुरस्कृत गर्ने गरी कोइराला सेवा समाजलाई पुरस्कार संचालनको जिम्मेवारी सुम्पिएको कोष स्थापनाकर्ता संजिबहादुर कोइरालाले बताए।

सामाजिक कार्यमा क्रियाशिल भएकै अवस्थामा दुर्घटनाका कारण पिता शान्तबहादुरले भोग्नुपरेको पीडामात्र नभएर परिवारको मुली अशक्त हुँदा आफूहरुले भोग्नुपरेको हेलालाई सम्झेर कोष स्थापना गरेको बताए।

'बुबाको दुर्घटनापछि हामीलाई पनि कतिले उहाँकै अवस्थालाई हेरेर गिज्याउँथे,'उनले भने,'शारीरिक अशक्ततालाई जित्न सकिन्छ र उर्जावान जीवन बाँच्न सकिन्छ भन्ने सन्देश प्रवाह गर्न पनि कोष स्थापना गरिएको हो ।'शारीरिक अशक्तता हुनेमाथिको विभेद अन्त्य हुनुपर्नेमा पनि जोड दिए।


कोइराला सेवा समाजको १९ औं साधारण सभाअन्तर्गत राखिएको सम्मान समारोहमा बोल्दै सम्मानित व्यक्तित्व यशोदा राजभण्डारीले आफूलाई कुष्ठरोग भएपछिको उपचार प्रक्रिया,त्यसपछि नर्सिङ अध्ययन अनि कुष्ठरोगीकै सेवामा बिताएका क्षणहरुको स्मरण गरिन्।

कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरूषमा देखिने: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

महिलाहरूमा देखिने: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:00 बजेदेखि बेलुकी ५:00 बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादक: रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादक: नारायण भण्डारी
कार्यालय: नयाँबजार, पोखरा, फोन: ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रण: हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

कल्पनाले विश्वमाथि शासन गर्दछ । - नेपोलियन

**सम्पादकीय**

# २५ वर्षको यात्रामा

नेपालमा पत्रपत्रिका प्रकाशित भएको इतिहास लामो छैन । पोखरामा पत्रपत्रिका प्रकाशन अन्य शहरको दाँजोमा ढिलो भएको पाइन्छ । पोखरामा २००७ सालको आन्दोलन पछि मात्र पत्रिका प्रकाशित भएको पाइन्छ । त्यो पनि हस्तलिखित हो । पोखरामा २००८ सालमा हस्तलिखितबाट पत्रिका शुरु भएको थियो । निजी क्षेत्रबाट दर्ता गरेर प्रकाशन सुरु २०१५ सालबाट भएको हो । आम चुनावको घोषणा पछि पत्रपत्रिका प्रकाशित भएका हुन । २०१७ साल पौष १ गतेको शाही कु पछि पत्रपत्रिका निस्के पनि जनताको आवाज बन्न सकेनन । राज्यले निकाल्ने र सत्ताको पक्षपोषण गर्ने बाहेकका अरु सबैको ध्येय पंचायत ब्यवस्थाको अन्त्य र बहुदलीय प्रजातान्त्रिक ब्यवस्थाको बहालीको लागि थियो ।

पञ्चायतको अन्त्य र प्रजातन्त्रको पुर्थापना पछि व्यावसायिक बन्न प्रयास गरेको हो । बहुदलीय खुला अवस्था पछि बल्ल पत्रकारिता जनताप्रति जवाफदेही बन्नुपर्छ भन्ने मान्यताको विकाश हुदै गएको हो।त्यही परिवेशमा २०५६ साल माघ १ गतेबाट पोखरापत्र दैनिक शुरु भएको हो । विभिन्न आरोह अवरोह पार गर्दै पोखरापत्र २५ वर्ष भएको छ । भर्खरै ब्याबसायिक हुन थालेको बेला द्वन्द्वकाल संक्रमणकाल हुँदै अहिलेको न्यु मिडियाको विकासले गर्दा कहिलेसम्म बाँच्छ भन्ने अवस्था छ ।ठूलो माछाले सानो माछालाई खान्छ भने जस्तो अवस्था छ।जनताको आवाज स्थानीय र प्रदेश स्तरका संचारमाध्यमले नै दिन सक्छन् । तिनै संचार माध्यमले राष्ट्रियता र लोकतन्त्रलाई बलियो बनाउन सक्छन् । त्यस्ता संचार माध्यमलाई टिकाउनका लागि स्थानीय तह र प्रदेश सरकारले सघाउनुपर्छ भन्ने मान्यता अझै आउन सकेको छैन् । कागजमा संघीयता आएपनि व्यवहार र मानसिकतामा आउन सकेको छैन् । अझै पनि संघीय सरकारको लोक कल्याणकारी विज्ञापनलाई आधार मान्नुपर्ने अवस्था विद्यमान छ । जवसम्म स्थानीय र प्रदेश सरकारले पत्रपत्रिकालाई संरक्षण गर्ने निति लिन सक्दैन तवसम्म दिर्घायू हुन सक्दैनन् ।

लोकतन्त्र र राष्टियता बलियो हुन सक्दैन।विदेशी दुतावास, नियोग, निश्चित मिसन भएका अन्तर्राष्ट्रिय गैसस र ठूला व्यापारिक कम्पनीले संचार माध्यमलाई आफ्नो प्रभाबमा पार्ने काम गर्दै आएको तथ्यहरु खुल्दै आएका छन । राज्यको संरक्षण नपाउने वाह्य सहयोग नलिने त्यस्ता पत्रपत्रिका र संचार माध्यम जीवन मरणको दोसाँधमा पुगेका छन।अहिलेको कठिन अवस्थामा पनि अनेकौ चुनौतीलाई पार गर्दै पोखरापत्र अहिले टिक्नु नै ठूलो हो। पत्रिकालाई यो अवस्थासम्म ल्याई पुऱ्याउन अहोरात्र खट्ने सहकर्मीको मेहनत, लगनशिलता र ईमान्दारिताको प्रतिफल हो । जसले शुरुका अवस्थामा मेहनत, परिश्रम लगाए त्यसैको जगमा टेकेर हामी यो अवस्थामा आएका हौं । हाम्रा पाठक, विज्ञापनदाता र शुभेच्छुकहरुको मायाले नै हामीलाई अगाडि बढ्न प्रेरित गरिरहेको छ । सूचना प्रविधिको विकाशले गर्दा पत्रपत्रिकालाई अगाडी बढ्न चुनौती खडा भएको छ । हिजोको अवस्थाबाट आज अगाडि बढ्न सहज छैन् । हरेक व्यक्तिले ताजा समाचार सजिलै पाउँने अवस्था प्रविधिले विकाश गरेको छ । प्रविधिसँग सँगसँगै जान नसक्नेले यात्रा परिवर्तन गरेका छन् । अहिलेको खाचो जनतालाई सत्यतथ्य समाचार र समाजलाई अग्रागामी बाटोमा लैजाने विचारको खाचो छ । पाठकले रुचाएको र खोजेका विषय दिन नसक्दा पत्रिका जन्मने र मर्ने पनि भएका छन् । डिजिटल पत्रिका चर्चित र लोकप्रिय बन्दै गएको छ । सामजिक सञ्जालको विकासले गर्दा हरेक कुरा तत्काल थाहा पाउने अवस्थाको विकास भएको छ । संचार क्षेत्रमा आएको परिवर्तनले गर्दा छापा पत्रकारिता क्षेत्रले धेरै चुनौतीको सामना गर्नुपरेको छ । जनताले सही र तथ्ययुक्त समाचार पाउँन अझै सकेका छैनन् ।

पत्रकारिता आवाजहिनको आवाज बन्नुपर्नेमा अझैपनि शास्त्रीय राजनीतिक विषयबस्तुले मात्रै प्राथमिकता पाउने गरेको छ । लोकतन्त्रको प्रतिफल जनताले अनुभुत गर्ने पाएका छैनन् । व्यवस्था फेरिए पनि नेताहरुको प्रवृतिमा परिवर्तन आएको छैन । जनताका सरोकारका विषय संचारमाध्यमले दिनुपर्ने अहिलेको अहम चुनौती हो । स्थानीय र प्रदेश सरकार पनि सामाजिक संजाल संचार माध्यम एउटै ठान्ने र ठूला लगानीका मिडियालाई नै महत्व दिने गरेका छन् । स्थानीय र प्रदेश सरकारको नीति एकातिर व्यवहार अर्कोतिर छ । केन्द्रीकृत मानसिकताका कारण केन्द्रबाट प्रकाशित हुने पत्रिकामा विज्ञापन गरेर प्रदेश र स्थानीय सरकारले करको दुरुपयोग गरेका छन् । अभिजात्य वर्ग, ठूला व्यापारिक घराना, राष्ट्रिय र अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाले संरक्षण पाउने नीतिलाई प्रदेश सरकारले बदल्न सकेका छैनन् । संघीयतालाई वलियो बनाउन र आधारभूत जनताको पक्षमा रहने संचार माध्यमलाई संरक्षण र प्रोत्साहन गर्नु पर्दछ ।

नयाँनयाँ कानुन बनाएर प्रेसलाई नियन्त्रण गर्न खोज्दा लोकतन्त्र बलियो हुन सक्दैन् । धेरै जरिवान र सजाय दिएर मात्र तह लगाउन सकिन्छ भन्ने मान्यता अहिलेको खुला समाजलाई सुहाउने कुरा होईन । प्रेस स्वतन्त्र भएमा लोकतन्त्र वलियो हुन्छ । स्वच्छन्दता नेपाली प्रेसले खोजेको होईन । स्वच्छन्दतालाई निहु बनाएर स्वतन्त्रतालाई रोक्नु हुदैन । नेपालको संविधान २०७२ ले प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको ग्यारेण्टी गरेको छ । प्रेसले स्वतन्त्रतापूर्वक काम गर्ने वातावरण बनाउनुपर्नेमा पत्रकारहरुको पेशागत र भौतिक सुरक्षाका साथै संचारमाध्यमलाई संरक्षण र प्रबर्द्धन गर्ने नीति राज्यले नलिएसम्म प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता संविधानमा लेखेर मात्र पुग्दैन । प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको प्रत्याभुति व्यवहारमा देखिनु पर्दछ । त्यसका लागि साना र मझौला संचार माध्यम टिक्ने वातावरण सरकारले बनाइदिनु पर्छ।प्रेसलाई प्रबर्द्धन गर्ने कानुन र नीति सरकारले लिएमा संचार माध्यम सरकार र जनताको बीचमा पुल बन्नेछन् । अहिले प्रेसका सामु खडा भएका थुप्रै चुनौतीका बाबजुद पोखरापत्र यो अवस्थामा ल्याउन हामीलाई पाठक विज्ञापनदाता शुभेच्छुकहरुको माया" र स्नेहका कारणले सम्भव भएको हो । हामीलाई अविचलित रुपले अघि वढन प्रेरणा दिने हाम्रा सहकर्मी, पाठक, विज्ञापनदाता र शुभेच्छुकहरुप्रति आभार प्रकट छौं ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : कार्यमा सफलतामन | तुला | : मानसिक तनाब |
| वृष | : शुभ यात्रा | वृश्चिक | : शारीरिक झमेला |
| मिथुन | : स्वस्थ्यमा सुधार | धनु | : ब्यापारमा लाभ |
| कर्कट | : सहयोग मिल्नेछ | मकर | : अप्रत्यसित लाभ |
| सिंह | : सत्कार मिल्नेछ | कुम्भ | : शत्रुको भय |
| कन्या | : आर्थिक समस्या | मीन | : झमेला बड्ने |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# 'वनको तरुल वनमै , बजारका तरुल घरमा'



**रासस**
बागलुङ, २९ पुस

"वनको तरुल वनमै रह्यो, माघे सङ्क्रान्तिमा कसले ल्याउँछ ?, हामी बुढाबुढी भयौ, भीरमा गएर ल्याउन सक्दैनौं, युवाहरू छैनन्, उ बेला हात पाखुरामा तागत थियो, अहिले घरबाट बाहिर निस्किने परान पनि छैन ।" निसीखोला गाउँपालिका-४ का ८६ वर्षीय धनबहादुर मगर दुई वर्ष अगाडिसम्म वनमा पुगेर मागे सङ्क्रान्तिका लागि तरुल खोजेर ल्याउनुहुन्थ्यो ।

गत वर्ष बारीमा काम गर्ने बेला लडेर खुट्टा भाँचियो । अहिले लौरोको सहारामा घरभित्र बाहिर गर्नुहुन्छ । माघे सङ्क्रान्ति घर आँगनमै भित्रियो तर गाउँमा तरुल खनेर ल्याउने युवा पाइँदैनन् । माघे सङ्क्रान्तिको विशेष परिकारका रूपमा लिइने तरुल वनबाट ल्याउनुको सट्टा बजारबाट किन्ने प्रचलन बढेको उहाँले बताउनुभयो । परम्परादेखि नै वन जङ्गलमा पशुचौपाया चरान जाने र माघे सङ्क्रान्तिका लागि एक महिना अगाडि नै तरुल खनेर ल्याउने गरे पनि अहिले त्यो प्रचलननै हराएको उहाँले बताउनुभयो ।

पहिले गाउँघरमा तरुल रोप्ने चलन नभएको तर जङ्गलबाट ल्याएर खाने परम्परा भए पनि अचेल बारीमा पनि लगाउने गरेको उहाँको भनाइ छ । पछिल्लो समय बारीमा पनि नलगाउने जनाउँदै बजारबाट किनेर ल्याउने गरेको उहाँको भनाइ थियो ।

उहाँ भन्नुहुन्छ, "जुग जमाना सबै फेरिए, हाम्रो पालामा वन जङ्गलमा पाइने चिज अहिले बजारबाट किनेर ल्याउँछन्, तरुल त वन जङ्गलमा जहाँ ओसिलो ठाउँ छ, त्यही फल्ने गर्थ्यो, गाई वस्तु चराउन जाने, दिनभरि तरुल खन्नेर साँझ एक बोरा बनाएर ल्याउने गर्थ्यौ, पछिपछि विकासी तरुल बारीको कुनामा पनि लगाएर खाने गर्थे, तर अहिले बजारबाट लिएर आउँछन्, मान्छेहरू परनिर्भर भए, वनमा जाने हो भने फ्रिमा जति पनि तरुल खनेर ल्याउन सकिन्थ्यो ।"

ढोरपाटन नगरपालिका-३ का पिताम्बर खत्रीले अचेल धेरै जसो मान्छेले बजारबाटै तरुल किनेर ल्याउने गरेको भन्दै स्थानीयस्तरमा उत्पादन गर्न छोडेको बताउनुभयो । वन तरुल जस्तो स्वादिष्ट र स्वास्थ्यका लागि फाइदाजनक बजारमा पाइने तरुल नहुने उहाँको भनाइ छ । पहिले वनमा पुगेर धेरैले तरुल ल्याउने हुँदा टाढाटाढा पुग्नु परेको सुनाउँदै अहिले गाउँमा कम मात्रै बस्ने हुँदा नजिकमा पनि प्रसस्तै पाइने खत्रीले बताउनुहुन्छ ।

"गाउँमा कोही बस्ने भएन, पहिले टाढा-टाढा वन जङ्गलमा पाइने तरुल अहिले नजिकै पनि पाइन थालेका छन्, तर घर नजिकैको तरुल खन्नका गाह्रो मानेर बजारमा गएर किटनासक औषधि हालेका तरुल किनेर ल्याउँछन्", उहाँले भन्नुभयो, "मैले यसपाली २० किलो जति वन तरुल ल्याएर छरछिमेकीसँग बाँडे, यति भएपछि माघे सङ्क्रान्ति राम्रैसँग बनाइएला भन्ने लागेको छ, अरुले त्यत्ति महत्व हुँदैन, माघे सङ्क्रान्तिमा यसको महत्व धेरै हुन्छ ।" बजारमा आयातित तरुलको माग निकै बढेको स्थानीय व्यवसायी थमबहादुर क्षेत्रीले बताउनुभयो ।

एक हप्ता अगाडि बुटवलबाट दुई क्विनटल तरुल ल्याए पनि पुऱ्याउन नसकेको बताउनुभयो । पहिले गाउँमा किसानले उत्पादन गरे बेच्न ल्याउने गरेकोमा अहिले भने आइनै छोडेको उहाँको भनाइ छ । बजारमा ५० देखि ९० रुपैयाँसम्म तरुलको किनबेच हुने उहाँले बताउनुभयो । उहाँले एक हप्ता अगाडिसम्म ४० रुपैयाँमै सेतो तरुल पाइने गरेको जनाउँदै अहिले ८० रुपैयाँसम्म पुगेको बताउनुभयो ।

# संगम सहकारीको विस्तारित मञ्च

**पोखरापत्र संवाददाता**
पोखरा, २९ पुस

पोखराको राम बजारमा प्रधान कार्यालय रहेको संगम बचत तथा ऋण सहकारी संस्थाले न्यूरोडमा रहेको सुगम सेवाकेन्द्रको कारोबार वृद्धिलाई लक्षित गरि बिस्तारित मञ्च कार्यक्रम आयोजना गरेको छ ।



प्रमुख अतिथि केन्द्रीय बचत तथा ऋण सहकारी संघ (नेफ्स्कुन) का संचालक सदस्य कमला देवी गिरीले सहकारी बिभागले सहकारी संस्थालाई जन्माउन सहयोग गर्ने तर हुर्काउन सहयोग नगर्नाले पनि अहिलेको बिकृति मौलाएको बताइन् । साथै सहकारीका सिद्धान्त र मुल्य मान्यतामा रहि सदस्य केन्द्रित भइ संचालित र सदस्यहरुले पनि बढी चासो राखेको सहकारी कहिले पनि नबिग्रने बताइन् । यसैगरी बिशेष अतिथि कास्की बचत तथा ऋण सहकारी संघका अध्यक्ष शेर बहादुर कार्कीले संगम सहकारीसँग २०७४ साल देखिनै सहकार्य गर्दै आएको स्मरण गर्दै भर्खरै सुरु भएको आफ्नो कार्यकालमा साकोस अभियानका समस्याहरुलाई समाधान गर्दै जाने बताए । अध्यक्ष नबराज तिवारीले कृयाशिल सदस्य भएर सेवा केन्द्रको कारोबार वृद्धिमा साथ दिन सबैलाई अनुरोध गरे । लेखा समिति संयोजक भोबिन्द्र गिरीले यो सहकारी असल हुनाले नै सुगम सहकारी मर्ज हुन आइपुगेको स्मरण गर्दै बित्तीय सुचांकहरु राम्रो भएकोले ढुक्कसँग कारोबार गर्न अनुरोध गरे ।संस्थाका संरक्षक निरज थापाले नियमित बचत नगरेका र भाखा नाघेका ऋणी सदस्यले राहत र संरक्षित पुँजी फिर्ता कोषका सुबिधाबाट बन्चित हुनुपर्ने भएकोले बेलैमा सजग हुन अनुरोध गरे ।कानुनी सल्लाहकार दयाराम गौतमले अरुले गरेका गल्तिका दाग हामीलाई नलागोस् भन्दै केहि नराम्रा सहकारी बढारिए भने त्यसपछि सहकारीका राम्रा दिन आउने बताए ।

कार्यालय प्रमुख बृहस्पति अधिकारीको संस्थागत प्रस्तुति रहेको कार्यक्रममा धनराज पुरी, तिलक थापा, प्रशान्त रानाभाट, ध्रुव थापा, हरिहर पराजुली लगायतले बोलेका थिए ।

# महिनाको अन्तिम शनिबार हिड्दै गाउँघर डुल्ने संस्कार बसाल्दै हाइकर्स क्लब

**पोखरापत्र संवाददाता**
पोखरा, २९ पुस



हाइकर्स क्लब नेपालको ४२ औं हाइकिङ सम्पन्न भएको छ । स्वास्थ्य र पर्यटनका लागि हाइकिङ भन्ने मुल नाराका साथ पोखराबाट संचालित हाइकिङ हरेक महिनाको अन्तिम शनिबार हुन्छ ।

शनिबार आयोजित हाइकिङ पोखरा ७ न्वारथोक बुलौदीबाट सरु भयो । हाइकर्स टिलीलाई संबोधन गर्दै पोखरा महानगरपालिका वडा नं.७ का वडा अध्यक्ष राममोहन आचार्यले आफु पनि दैनिक हिड्ने गरेको बताउदै हिडाइका साथसाथै पर्यटन उजागर गर्दै आएको हाइकर्स क्लब नेपालको अभियानमा आफु पनि सगैं रहने प्रतिबद्धता जनाउनु भयो । उहाँले जो हिडछ उ नै तन्दरुस्त र सक्रिय हुने बताउनु भयो । पहिलो पटक क्लबको हाइकिङमा जोडिनु भएका गोमा फाउन्डेशन नेपालकी अध्यक्ष गोमा पराजुलीले हिडेर आफ्नो विविध शारिरिक समस्या निवारण गरेको अनुभव सुनाउदै हाइकिङमा जोडिएर हिड्ने साथी पाएकोमा खुसी व्यक्त गर्नु भयो । अबका सबै हाइकिङमा आफु पनि सामेल हुने उहाँले बताउनु भयो । युवा व्यवसायी सुमन थापाले क्लबमा जोडिएर हिड्दा आफुलाई बेग्लै आनन्द लागेको बताउनु भयो । पर्यटन व्यवसायी घनश्याम अधिकारीले एक आपसको सम्बन्ध बढाउन र पर्यटन पर्वद्धनमा हाइकिङको ठूलो महत्व हुने बताउनु भयो । हाइकर्स क्लब नेपालको हाइकिङले गाउँ ठाउँको पर्यटन पर्वद्धन भएको बताउदै अभियान निरन्तर अगाडी बढाउन आग्रह गर्नु भयो ।

नेपाल प्रहरीबाट सेवा निवृत ७७ वर्षिय यम बहादुर रानाभाटले हाइकिङमा युवा उमेर समुह संगै हिड्दा आफु सगं पनि सोही उमेरकै जोस र सक्रियता भएको महसुसले उर्जा थप्ने गरेको बताउनुभयो । हाइकर्स क्लब संग निरन्तर हाइकिङ गर्दै आउनु भएका सामाजिक व्यक्तित्व जुना गुरुङले हाइकिङ महिनाको २ पटक गर्न आग्रह गनुभयो । नेपाली सेनामा कार्यरत ई श्याम प्रसाद दंगालले कार्यव्यस्ततामा रहदाको स्ट्रेसबाट मुक्त हुन आफु हाइकिङमा सहभागी हुदै आएको बताउनु भयो । क्लबका सचिब मधु अधिकारीले हाइकर्स क्लब हिडनेहरुको समुह भएकाले जो कोही निर्वाध जोडिन सक्ने र हाइकिङमा सहभागी हुन सक्ने बताउनु भयो ।

क्लबका अध्यक्ष कृष्ण रानाभाटले हाइकिङ मार्फत व्यक्तिको स्वास्थ्य सगैं युवाहरु लाइ जागरुक र पर्यटनलाई विस्तार गर्न मदत पुगेको बताउनु भयो । हाइकिङमा विधार्थी, गृहिणी महिला, विभिन्न पेशा व्यवसायमा आवद्ध युवा, सेवा र्निवृत आर्मी सहित २९ जना सहभागी थिए । पोखरा ७ न्वारथोकबाट सुरु भएको हाइकिङ पोखरा १८ को मेथ्लाङ डाडाँबाट देखिने फेवाताल, पोखरा शहर, मनोरम हिमश्रृखला, रक गार्डेन सहित ग्रामिण वस्ती र विकासको अवलोकन गर्दै पोखरा ६ वङ्लादी फेवा फुट ट्र्याकमा आएर सम्पन्न भएको थियो ।

# नेपाल निर्माण व्यवसायी संघ कास्कीको ३७ औँ स्थापना दिवसमा रक्तदान

**पोखरापत्र संवाददाता**
पोखरा, २९ पुस

नेपाल निर्माण व्यवसायी संघ कास्कीको ३७ औं स्थापना दिवस आइतवार रक्तदान कार्यक्रम गरी मनाइएको छ । संघले बाषिर्कोत्सवको उपलक्षमा रक्तदान कार्यक्रमका साथै मानव सेवा आश्रमलाई नगद सहयोग समेत गरेको छ ।

संघको ३७ औं वार्षिक उत्सव मनाइरहदा मानवताका नाताले बजारमा देखिएको रगतको कमी पुरा गर्न आफूहरुले रक्तदान कार्यक्रम गरेको प्रमुख अथिति तथा नेपाल निर्माण व्यवसायी माहासङ्घका उपाध्यक्ष खिमप्रकाश मल्लले बताए । त्यस्तै नेपाल निर्माण व्यवसायी सङ्घ गण्डकीका अध्यक्ष टंकराज बरालले संघ सदैव समाज सेवामा रहेको बताउँदै स्थापना दिवसको अवसरमा रक्तदान गरेर जीवन बचाउँने जस्तो कार्य गर्न पाउँदा सन्तुष्टि समेत मिलेको बताए ।



कार्यक्रम्मा विशेष अतिथी शिवशंकर गौचन, नेपाल निर्माण व्यवसायी महासंघका केन्द्रिय सदस्य श्री सुरेश श्रेष्ठ संघका सल्लाहाकार एवं महासंघ पूर्व उपाध्यक्ष श्री राजेन्द्र पहारी, सल्लाहाकार मुक्ति प्रसाद तिमिल्सीना, सल्लाहाकार श्री चिरञ्जिवी पोखेल, सल्लाकार, बासुदेव गौचन लगायतले मन्तव्य राखेका थिए । कार्यक्रममा ४२ युनिट रगत सङ्कलन भएको संघका सदस्य ई दिपक सुवेदीले जानकारी दिए । संघका सदस्य तथा व्यवसायी मित्रमणी तिमिल्सीनाले ज्येष्ठ रक्तदाताका रुपमा रक्तदान गरि रक्तदान कार्यक्रमको उद्धाटन गरें । यससँगै तिमिल्सीनाले ३७ औं पटक रक्तदान गरेका हुन् । यस्तै ज्येष्ठ सदस्य झपिन्द्रराज रेग्मीले ५१ औं पटक रक्तदान गरें । संघका कास्की जिल्ला अध्यक्ष गुरुङले समेत रक्तदान गरें । यससँगै अध्यक्ष गुरुङले १७ औं पटक रक्तदान गरेका छन् । रक्तदान गरेका रक्तदाहरुलाई प्रशंसा पत्र संघका संस्थापक तथा सल्लाहाकारबाट बितरण गरिएको थियो । ५१ औं पटक रक्तदान गर्ने निर्माण व्यवसायी झपिन्द्रराज रेग्मीलाई प्रमुख अतिथीबाट खादा माला लगाई सम्मान गरिएको थियो । स्थापना दिवसका अवसरमा संघले पोखरा-७ टुरिष्टबसपार्कमा वृहत सरसफाई कार्यक्रम सम्पन्न गरेको छ । संघले गत वर्षदेखिनैपोखरा-७टुरिष्टबसपार्कमा रहेको आफ्नो कार्यलयको शौचालय सर्वसाधारणका लागि खुला गरेको छ । पोखरा महानगरले ल्याएको अवधारणामा सहयोग गर्ने उद्धेश्यका साथ संघले शौचालय सर्वसाधारणका लागि खुला गरेको जनाएको छ । आफ्नो कार्यलय टुरिष्ट बसपार्क नजिकै भएको कारण मानिसहरुलाई शौचका लागि समस्या नजिकबाट नियालेको भन्दै सोही समस्या आउन नदिनका लागि पनि शौचालय प्रयोगमा ल्याइएको अध्यक्ष गुरुङले बताए ।

स्थापना दिवसका अवसरमा संघले वर्षेनी सेवामुलक कार्यक्रमहरु गर्दै आएको छ । कार्यक्रम्मा शुभनामना मन्तव्य सघका बरिष्ठ उपाध्यक्ष श्री सुवर्ण श्रेष्ठ । संघ कास्कीका अध्यक्ष लिलकाजी गुरुङ्गको अध्यक्षता भएको कार्यक्रमको संञ्चालन संघका सचिव श्री ई. शिरश कुमार बास्तोलाले गरेका थिए ।

# मार्फा थकाली भाषाको शब्दकोष र व्याकरण लोकार्पण

पोखरापत्र संवाददाता
पोखरा, २९ पुस



मार्फा थकाली भाषाको शब्दकोष र व्याकरण पोखरामा आइतबार लोकार्पण गरिएको छ।

पोखरामा आयोजित कार्यक्रममा भाषा आयोगका अध्यक्ष डा. गोपाल ठाकुरसहित त्रिवि भाषा विज्ञान विभाग प्रमुख प्राडा बलराम प्रसाईं, मार्फा थकाली समाज सेवा सदनका अध्यक्ष चन्द्र पन्नाचन, पूर्व अध्यक्ष नरेन्द्रमान लालचन, मार्फा थकाली मातृभाषा संरक्षण उपसमिति संयोजक वीरेन्द्रकुमार हिराचनले संयुक्तरुपमा लोकार्पण गरे । मुस्ताङको मार्फा गाउँ (हाल घरपजोङ गाउँपालिका) मा बोलिने मूल मार्फा थकाली भाषा संकटमा पर्दै गएपछि संरक्षणका लागि समिति नै गठन गरी शब्दहरु संकलन गरिएको थियो । गठित मार्फा थकाली मातृभाषा संरक्षण उपसमिति संयोजकमा हाल पोखरा निवासी ७५ वर्षीय वीरेन्द्रकुमार हिराचन थिए । संकलित शब्दहरुको नेपाली-अंग्रेजी शब्दकोष र व्याकरण भाषा आयोगले प्रकाशन गरेको हो । लोकार्पण समारोहमा भाषा आयोगका अध्यक्ष डा. गोपाल ठाकुरले मार्फाली थकालीको लागि ती पुस्तक ऐतिहासिक दस्तावेज हो भने ।

संविधानसभा सदस्य समेत रहेका उनले भाषा कमजोर हुँदै गए कुनै पनि जातिको पहिचान नै हराउने हुँदा संरक्षण गर्नुपर्नेमा जोड दिए । २०७८ को जनगणनामा नेपालमा १२४ राष्ट्रभाषा सूचिकृत भएको जनाउँदै उनले भाषाको संरक्षणमा आयोगले पालिकासँग मिलेर पनि काम गर्न तयार रहेको बताए। त्रिवि भाषा विज्ञान विभाग प्रमुख प्राडा बलराम प्रसाईले भाषाको पुस्तान्तरण गर्दै जानुपर्ने सुझाव दिए । उनले कुनैको शब्द मिल्दैमा भाषा एउटै नहुने पनि जनाए। स्वागत मन्तव्य व्यक्त गर्दै मार्फा थकाली मातृभाषा संरक्षण उपसमिति संयोजक वीरेन्द्रकुमार हिराचनले मार्फा थकालीका लागि यो दस्तावेज हो भने । कुनै पनि भाषाका लागि शब्द महत्वपूर्ण हुने बताउँदै उनले पुस्तककार दिन सहयोग गर्ने सम्पूर्णमा आभार व्यक्त गरे ।

मार्फा थकाली समाजसेवा सदनका अध्यक्ष चन्द्र पन्नाचनको अध्यक्षतामा भएको कार्यक्रममा पूर्व अध्यक्ष नरेन्द्रमान लालचन, पोखरा उद्योग वाणिज्य संघका पूर्व अध्यक्षसमेत रहेका संस्थाका वरिष्ठ सल्लाहकार राजेन्द्र लालचन, पूर्व अध्यक्ष ईश्वरलाल हिराचन, तीनगाउँले थकाली समाजका अध्यक्ष गणेश थकाली, साविक मार्फा गाविस अध्यक्ष मानबहादुर बिक लगायतले बोलेका थिए । कार्यक्रममा गोविन्द ज्वारचनले मार्फा थकाली भाषाको कविता सुनाए । कार्यक्रम संचालन सञ्चारकर्मी सुशील ज्वाराचनले गरेका थिए ।

# पोखरा फाइनान्स लिमिटेडको २७ औँ वार्षिक साधारण सभा सम्पन्न

पोखरापत्र संवाददाता
पोखरा, २९ पुस



पोखरा फाइनान्स लिमिटेडले आफ्नो २७ औं वार्षिक साधारण सभा आइतबार सम्पन्न गरेको छ।

पोखरा ९ स्थित दरबारथोक बैक्वेट, बाँस्तोलाथरमा सञ्चालक समितिका अध्यक्ष, सञ्चालक, शेयधनी तथा कर्मचारीहरुको उपस्थितिमा साधारण सभा सम्पन्न भएको हो ।

उक्त साधारण सभा वित्तीय संस्थाको अध्यक्ष राजकुमार गुरुङको अध्यक्षतामा सम्पन्न भएको थियो भने कार्यक्रम सञ्चालन वित्तीय संस्थाका प्रमुख कार्यकारी अधिकृत रविचन्द्र गुरुङले गर्नुभएको थियो ।

सभामा सञ्चालक समितिको वार्षिक प्रतिवेदन, लेखापरीक्षकको प्रतिवेदन, आ.व. २०७९/८० आषाढ मसान्तको वासलात, नाफा नोक्सान हिसाव र नगद प्रवाह लगायतका विवरणहरु सहित अन्य प्रस्तावहरु छलफल गरी स्वीकृत भएका छन् ।

साधारण सभामा सर्वसाधारण शेयरधनीको तर्फबाट निर्विरोध रुपमा नियुक्त हुनु भएका नव नियुक्त सञ्चालकहरु क्रमशः कृष्ण बहादुर गुरुङ, अच्युत पौडेल र गंगा घलेलाई संस्थाका अध्यक्ष राज कुमार गुरुङले सञ्चालक पदको पद तथा गोपनियताको सपथ ग्रहण गराउनु भएको थियो । सोही क्रममा वित्तीय संस्थाका प्रमुख कार्यकारी अधिकृत रविचन्द्र गुरुङले आगामी दिनहरुमा वित्तीय संस्थाले आधुनिक प्रविधियुक्त बैकिङ सेवा तथा सुविधामा विशेष ध्यान दिंदै ग्राहक सेवालाई निरन्तर रुपमा चुस्त, दुरुस्त र सुरक्षित बनाउँदै लैजाने योजना रहेको जानकारी दिनुभएको थिए।

यसैगरी वित्तीय संस्थाका अध्यक्ष राज कुमार गुरुङले वित्तीय संस्थाको उत्तरोत्तर विकास, प्रगति र सफलताको यात्रामा निरन्तर राय सुझाव दिनुहुने सम्पूर्णमा हार्दिक आभार व्यक्त गर्दै सभा समापन गर्नुभएको थियो।

# पोखरा १० उपशाखामा जीवन श्रेष्ठ

पोखरापत्र संवाददाता
पोखरा, २९ पुस



नेपाल रेडक्रस सोसाइटी पोखरा १० उपशाखाको २५औ साधारण सभा एवं ८औ अधिवेशन वडा कार्यालय वडा नं १० को सभाहलमा सम्पन्न भएको छ ।

कार्यक्रममा वडा नं १० का कार्यवाहक वडाअध्यक्ष पुर्णचन्द्र न्योपानेले पानसमा दिप प्रज्जबलन गरि हेनरिड्यूनाको तस्विरमा माल्यार्पण गरि सभाको उद्धाटन गर्नुहुदै उपशाखा १० भनेको कास्की जिल्ला भित्र रहेका उपशाखा मध्य मानविय सेवामा लागीपर्ने जहा बिपत त्यहा रेडक्रस भनि रेडक्रस का सात सिद्धान्त अनुसार संचालन गर्दै आएको उपशाखा १० को साधारण सभा तथा अधिवेशनको सफलताको कामना गर्नुहुने अब आउने पदाधिकारी र सदस्यहरूलाई अग्रिम बधाई दिनुभयो ।

उक्त साधारण सभा कार्यक्रममा नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखा कास्कीबाट निर्बाचन अधिकृतको रूपमा खटिनु भएका कास्कीका मन्त्री सुरेन्द्र गुरुङ्ग, कार्यालय प्रमुख मोहन सिंह खड्का र नवराज भण्डारी को निर्वाचन टिमले २ बर्षे कार्यकाल को लागी निर्विरोध निर्वाचित पदहरूको घोषणा गर्नुहुदै सभापति पदमा जीवन श्रेष्ठ, उप सभापति पबित्रा देबी गुरुङ्ग, सचिब बिन प्रसाद गुरुङ्ग, कोषाध्यक्ष नरहरि पनेरू, सह सचिव सन्तोष सिक्देल, सह कोषाध्यक्ष होम बहादुर कार्की महिला सदस्य शान्ति सुबेदि र सदस्यहरूमा क्रमस कृष्ण तिमल्सिना, किरण प्रसाद भट्टचन, निर्मला श्रेष्ठ र धनमाया गुरुङ्ग निर्विरोध निर्वाचित हुनुभएको धोषणा गर्नु हुदै उम्मेदवार प्रमाण पत्र बितरण गरि सपथ ग्रहण गराइ निर्बाचन कार्यक्रम सम्पन्न गराउनु भएको उक्त निर्बाचन मा निर्विरोध निर्वाचित गराउन सहयोग गर्नुहुने हरूमा सभापति पदमा बाबाकृष्ण शर्मा, उप सभापति पदमा निर्मला श्रेष्ठ, सचिब पदमा हिमाल बखेल सदस्य पदमा सुक बहादुर गुरुङ्ग, सुकुमाया श्रेष्ठ तारादेबी शर्मा र होम बहादुर कार्की लगाएतको उम्मेदवार हरूले सहज रूपमा आफुले दिएको नोमिनेशन सहजपुर्ण तवरले फिर्ता लिइ सहयोग गर्नु भएको मा निर्बाचन अधिकृत सुरेन्द्र गुरुङ्गले सबैलाई धन्यबाद दिनुभयो ।

सो साधारण सभा तथा अधिवेशनमा उपशाखाको साधारण सभा वडा कार्यालय वडा नं १० बाट साधारण सभा तथा अधिवेशन लाई सहयोग गर्ने प्रमुख अतिथि एवं वडा नं १० का वडा सदस्य पुर्णचन्द न्यौपानेले सहयोग गर्ने बचन राखानु भएको सभामा २०८० सालमा पश्चिम क्षेत्रमा गएको बिनासकारी भुकम्पमा परी घाइतेहरू लाई मलम पट्टि स्वरूप नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखाकास्की मार्फत १० हजार ५ रूपैया मन्त्री सुरेन्द्र गुरुङ्गलाइ सहयोग हस्तान्तर का साथ जिल्ला शाखा कास्कीको अनुरोधमा आफु भन्दा कमजोर उप शाखालाई हातेमालो कार्यक्रम अन्तर्गत सहयोग गर्न जिल्लाशाखा कास्कीले नेपाल रेडक्रस सोसाइटी सार्दिखोला उपशाखा १ र २ लाई छनौट गरेकोमा २५ औ साधारण सभा तथा ८औ अधिवेशनको अबसरमा सार्दिखोला उपशाखा लाई स्टिल दराज १ थान का साद नगद १६ हजार र यातायात खर्च रू १ हजार ५ सय सर्दि खोला उपशाखाका सचिव रामचन्द्र बिक लाई हस्तान्तर गरीएको कार्यक्रममा उपशाखाले वडा नं १० भित्र बिभिन्न स्थानमा रहेको चौतरा मर्मत र कटिङ्ग ढुङ्गा टासी संरक्षण गर्ने क्रममा नागीन टोल बिकास सस्था अन्तर्गत रहेको चौतारामा हिरा गुरूङ्ग, दल बहादुर गुरूङ्ग, सिरिमाया दुरा अमर सिंह मार्ग बास्केटबल खेल मैदान अगाडी रहेको चौतरा संरक्षण गर्न शंकर तिमल्सिना र उपशाखा १० संग आबद्धता गरि बारिष्टा तालिम संचालन गर्न सहयोग गर्नुहुने एशिया टेक्निकल ट्रेनिङ्ग इन्ट्रिष्चुट प्रा. ली. पोखरा र असहाय रक्त कोष मा हरेक बर्ष रकम थप गरि कोष बढाउने कार्यमा सहयोग पुऱ्याउने उप शाखा १० का उप सभापती जीवन श्रेष्ठ, फेवा बचत तथा ऋण सहकारी बाट साधारण सभा खर्च प्रदान गर्ने समेतका सबैलाई दोसल्ला फुलको गुच्छा र सम्मान पत्र ले सम्मान गरिएको कार्यक्रम मा कोभिड १९ देखी मानबिय सेवामा लागीपरि हरेक समय सहयोग गर्ने बिन प्रसाद गुरुङ्ग, रेडक्रस उपशाखाका समन्वय कर्ता सुरेन्द्र गुरुङ्ग समेतलाई मायाको चिनोले सम्मान गरेको सभापती सम्मर बहादुर श्रेष्ठ ले बताउनु भयो ।

सो कार्यक्रममा नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखा कास्कीका निबर्तमान उप सभापति कृष्ण तिमल्सिना, राम बजार सोसाइटी यूकेका प्रमुख सल्लाहकार एवं उपशाखाका बिशिष्ठ सदस्य महेश गुरुङ्ग, वडा नं १० का निबर्तमान वडा अध्यक्ष राज कुमार गुरुङ्ग, जिल्ला शाखा कास्कीका कार्यालय प्रमुख मोहन सिंह खड्का, जिल्ला शाखा कास्की बिपत ब्यबस्थापन समितिका प्रमुख नवराज भण्डारी, आजीवन सदस्य बाबाकृष्ण शर्मा, लगायतका बक्तहरूले आ आफ्नो बिचार राख्नु हुदै आफैले म म भनेर मानबिय सेवामा समर्पित भै कामगर्ने मनसायले निर्बाचन कार्यमा सहभागीहुन अनुरोध गर्नु हुदै नया कार्य समितिलाई अग्रिम शुभ कामना दिनुभयो ।

सो कार्यक्रममा रेडक्रसका सात सिद्धान्त उपशाखा का सह सचिव कलिबती शर्माले बाचन गरेको उक्त साधारण सभामा उपस्थित सबैलाई उपशाखा का उप सभापतिले स्वागत मन्तव्य द्वारा स्वागत गरिएको २५ औ साधारण सभा तथा ८औ अधिवेशन कार्यक्रममा नेपाल रेडक्रस सोसाइटी उपशाखा १० का सभापति सम्मर बहादुर श्रेष्ठ को सभापतित्वमा सम्पन्न कार्यक्रम उपशाखाका सचिव सूर्य बहादुर बानियाले संचालन गर्नुभएको थियो ।

# एसओएस गण्डकीमा हरित ज्ञान वाटिकाको शिलान्यास

पोखरापत्र संवाददाता
पोखरा, २९ पुस

पोखराको रामबजारस्थित एसओएस हर्मन माइनर स्कुल गण्डकीमा हरित ज्ञान वाटिकाको शिलान्यास गरिएको छ।

पोखरा महानगरपालिका वडा नं. १५ का अध्यक्ष तोरणबहादुर बानियाँले एसओएस बालग्राम गण्डकी परिसरमा आयोजित एक विशेष कार्यक्रमका बीचमा उक्त वाटिकाको शिलान्यास गरेका हुन् । एसओएस बालग्राम गण्डकीभित्र करिब दुई रोपनी क्षेत्रफलमा विद्यालयले निर्माण गर्ने हरित ज्ञान वाटिकामा प्राकृतिक भूबनोटभित्र विभिन्न वृत्ताकार, घनाकार, त्रिभुजाकार, वर्गाकार, आयताकार, पञ्चभुजाकार, षटभुजाकार, सप्तभुजाकार, अष्टभुजाकार, प्रिज्माकारलगायतका गणितीय स्वरूपका आकृति तथा लोपोन्मुख अवस्थामा रहेका नेपालका परम्परागत कृषि औजारहरूसमेत सुरक्षित रहनेछन् । ३५ लाख २५ हजार ७ सय अन्ठाउन्न रुपियाँको कुल लागतमा निर्माण हुने हरित ज्ञान वाटिका निर्माणका लागि विद्यालयले एक समिति नै गठन गरेको छ । एसओएस युवालय गण्डकीका प्रमुख बाबुराम बरालको अध्यक्षतामा गठित उक्त समितिको सचिवमा टीकाराम सुवेदी, कोषाध्यक्षमा समिता मल्ल तथा अन्य सदस्यहरूमा प्रमोद बराल, मिलन खत्री, बुद्धि ठकुरी, धनकुमारी गुरुङ, कल्पना पाण्डे र नीलिमा पौडेल रहेका छन् । एसओएस बालग्राम गण्डकीले उपलब्ध गराउने जग्गामा निर्माण गरिने हरित ज्ञान वाटिका परियोजना निर्माणका लागि पोखरा महानगरपालिका वडा नं. १५ ले आर्थिक सहयोग गर्नेछ। त्यस्तै निर्मित परियोजनाको रेखदेख, संरक्षण, सरसफाइ एवम् मर्मतसम्भारको दायित्व एसओएस स्कुल गण्डकीले लिनेछ। शिलान्यास कार्यक्रमपछि बालग्राम परिसरमा आयोजित एक समारोहलाई सम्बोधन गर्दै पोखरा महानगरपालिका वडा नं. १५ का वडाध्यक्ष तोरणबहादुर बानियाँले एसओएस गण्डकीमा निर्माण हुने हरित ज्ञान वाटिका विद्यालयका लागि मात्रै नभएर वडा र सिङ्गो पोखरा महानगरकै एउटा गौरवशाली परियोजनाका रूपमा रहने बताए। एसओएसका विद्यार्थीहरूलाई प्राकृतिक वातावरणमा आफ्नो मौलिक पहिचान झल्काउने परम्परागत औजारहरूको चिनारीसँगै गणित शिक्षणलाई सरल र प्रभावकारी बनाउने ध्येय राखेर हरित ज्ञान वाटिका निर्माणको अवधारणा अघि सारिएको एसओएस गण्डकीका प्राचार्य चूडामणि सुवेदीले बताए । शिलान्यास समारोहमा पोखरा महानगरपालिका वडा नं. १५ का कार्यपालिका सदस्यहरू सेतीमाया गुरुङ, आशिष भण्डारी, बलराम पौडेल, मन्दिरा परियार, एसओएस बालग्राम गण्डकीका परियोजना निर्देशक प्रदीपभक्त आचार्य, एसओएस गण्डकीका सहप्राचार्यद्वय वीरसिंह बूढा र प्रभास पौडेल, शिक्षक तथा कर्मचारी कल्याणकारी युनियन एसओएस गण्डकीका एकाइ अध्यक्ष टीकाराम सुवेदी, एसओएस बालग्रामकी आमा प्रतिनिधि पार्वती पाण्डे, विद्यालयमा गठित विभिन्न क्लबका पदाधिकारी एवम् एसओएस गण्डकीका शिक्षक, कर्मचारी, विद्यार्थी तथा बालग्रामका बालबालिकाहरूको सहभागिता रहेको थियो । हरित ज्ञान वाटिका निर्माण समितिका अध्यक्ष बाबुराम बरालको अध्यक्षतामा सम्पन्न शिलान्यास कार्यक्रमको सञ्चालन सचिव टीकाराम सुवेदीले गरेका थिए।

# अमलाविसौनी टोलमा खगेन्द्र

पोखरापत्र संवाददाता
पोखरा, २९ पुस



अमला विसौंनी धोविनी पाटन टोल विकास संस्थाको सम्पन्न अधिवेशनले खगेन्द्र थापाको अध्यक्षतामा १३ सदस्यीय कार्य समिति चयन गरेको छ।

शनिवार सम्पन्न संस्थाको नवौं अधिवेशनवाट उपाध्यक्षमा लक्ष्मी श्रेष्ठ, सचिवमा राजु खड्का, सहसचिवमा राजेन्द्र शाही ठकुरी, कोषाध्यक्षमा भुवनकुमार पौडेल, सह कोषाध्यक्षमा भुवनवहादुर वस्नेत र सदस्यहरुमा सिता थापा, गंगा कार्की, सन्तोष खत्री, राधा थापा, सरिता अधिकारी, लक्ष्मी पौडेल र सिर्जना थापा चयन भएका छन् । यस अघि अधिवेशनको उद्घाटन गर्दै पोखरा १६ का वडाध्यक्ष अमृत शर्मा तिमिल्सीनाले वडाको समग्र विकासमा टोल विकास संस्थाको भुमिका अभिभावकीय रहने गरेको वताउनुभयो। कार्यक्रममा पुर्व अध्यक्ष कृष्णकुमार श्रेष्ठ, सल्लाहकार होमवहादुर खड्का, संरक्षण आमा समुहका अध्यक्ष पार्वती वस्नेत, सरस्वती मन्दिरका अध्यक्ष दीपेन्द्र वस्नेत, भजन समुहका राजेन्द्र शाही ठकुरी, पुर्व सदस्य कृष्णवहादुर खड्कालाई प्रमुख अतिथी तिमिल्सीना र अध्यक्ष रेक वहादुर थापाले सम्मान गर्नुभयो । सो अवसरमा संस्थाको आर्थिक प्रतिवेदन कोषध्यक्ष भुवन वस्नेत र वार्षिक प्रतिवेदन सचिव लक्ष्मी श्रेष्ठले प्रस्तुत गर्नुभयो। लक्ष्मी श्रेष्ठले संचालन गरेको कार्यक्रमको अध्यक्षता रेक वहादुर थापाले गर्नुभएको थियो।

# प्रेस क्लब गण्डकीले वार्षिक ५० हजार रुपैयाँ सहित ब्यक्ति वा संस्थालाई सम्मान गर्ने

पोखरापत्र संवाददाता
पोखरा, २९ पुस



प्रेस क्लब गण्डकी प्रदेशको दोस्रो साधारणसभा शनिबार सम्पन्न भएको छ।

पोखरा महानगरपालिका वडा नम्बर १६ को रिंजे नाशा होमस्टेमा सम्पन्न साधारणसभाको उद्धाटन प्रतिनिधि सभा सदस्य दामोदर पौडेल बैरागीले उद्धाटन गरे । उनले कार्यक्रममा बोल्दै पत्रकारहरुले सत्य र तथ्यमा आधारित रहेर सम्प्रेषण गर्नुपर्नेमा जोड दिए। उनले सानो कमजोरीले ठुलो समस्या उत्पन्न हुने भन्दै सहि र तथ्यमा आधारित समाचारले समाज परिवर्तनमा भुमिका खेल्ने बताए । अहिले सञ्चार कानुन निर्माणको तयारी भैरहेको बताउदै पत्रकारमैत्री बनाउन आफनो तर्फबाट भुमिका खेल्ने बताए।उनले प्रेस क्लब गण्डकीले बहसमुलक कार्यक्रमलाई प्राथमिकतामा राखेर गतिविधि सञ्चालन गर्न आग्रह समेत गरे । नेपाल पत्रकार महासंघका केन्द्रीय सदस्य तथा क्लबका सल्लाहाकार सरिता पंगेनि तिमिल्सिनाले क्लबले छोटो समयमा राम्रो काम गरेको बताउदै अझै सशक्त रुपमा समाजमा रहेका विभिन्न विषयमा बहसमुलक कार्यक्रम सञ्चालन गर्न सुझाव दिइन् । क्लबका सल्लाहकार सुष्मा पौडेल, पत्रकार महासंघ गण्डकी प्रदेशका महासचिव गोविन्द सुवेदी, नेपाल पत्रकार महासंघ कास्कीका सचिव माधव बराल, पोखरा महानगरपालिका न्यायिक समिति सदस्य कालिदास पोखरेल लगायतले प्रेस क्लब स्थापनाको औचित्य पुष्टि गरेको बताउदै सबैलाई समेटेर अगाडि बढन आग्रह गरे । क्लबका अध्यक्ष एकराज गिरीको अध्यक्षतामा भएको उद्धाटन सत्रको सञ्चालन सचिव गौरव त्रिपाठीले गरेका थिए । यसैबीच साधारण सभाको बन्द सत्रमा क्लबका सचिव गौरव त्रिपाठीको प्रतिवेदन र कोषाध्यक्ष राजु गिरीको आर्थिक प्रतिवेदन व्यापक छलफलपछि पारित गरेको छ । साधारणसभाले भावि कार्यक्रम पारित गर्दै क्लव दर्ता भएको दिनलाई स्थापना दिवसका रुपमा मनाउने र बार्षिक ५० हजार रुपैयाँले प्रत्येक वर्ष ब्यक्ति वा संस्थालाई सम्मान गर्ने निर्णय समेत गरेको अध्यक्ष एकराज गिरीले बताए । समाजका महत्त्वपूर्ण योगदान पुऱ्याउने ब्यक्ति तथा संस्थालाई सम्मान गरिने अध्यक्ष गिरीले बताए ।